# *समानान्तर आकाश* उपन्यासमा लैङ्गिक सचेतता

**त्रिभुवन बरई**
उपप्राध्यापक, भैरहवा बहुमुखी क्याम्पस, भैरहवा
इमेल : tribhuwanbarai455@gmail.com
DOI: https://doi.org/ 10.3126/prajna.v126i1.86364

## लेखसार

*प्रस्तुत लेखमा लैङ्गिक समालोचनाको सिद्धान्तको केन्द्रीयतामा पद्मावती सिंहको समानान्तर आकाश उपन्यासको विश्लेषण गरिएको छ । समानान्तर आकाश उपन्यासमा लैङ्गिक सचेतताका केकस्ता सूचकहरूको प्रयोग गरिएको छ भन्ने शोधप्रश्नको परिपूर्ति गर्नाका निम्ति यो अध्ययन गरिएको हो । लैङ्गिक समालोचनाको सैद्धान्तिक पर्याधारलाई आधार मानी प्राथमिक एवम् द्वितीयक स्रोतका सामग्रीको उपयोग गरी गुणात्मक र पाठविश्लेषणात्मक शोधविधि अपनाई यस लेखलाई पूर्णता प्रदान गरिएको छ । पितृसत्ताको समानान्तरतामा मातृसत्ताको स्थापना, शरीर र स्वको चेतनाविकास तथा महिला र पुरुषको सहकार्यात्मक सम्बन्धमा जोड गरी तीनओटा मानदण्डका आधारमा उक्त उपन्यासको मूल्याङ्कन यस लेखमा गरिएको छ । मानवीय श्रेष्ठतालाई कलङ्कित तुल्याउने लैङ्गिक विभेद र उत्पीडनलाई किनाराकृत गरी इमानदारी र जवाफदेहिताका साथ पुरुषले महिलाको र महिलाले पुरुषको अस्तित्व र अस्मितालाई स्विकार्ने, एउटा पक्षले अर्को पक्षलाई हार्दिक प्रेम गर्ने, आपसी समन्वय र सहकार्यमा जीवन बिताउने तथा उत्पन्न हरेक समस्यालाई विवेकसम्मत तरिकाले आपसी छलफलबाट समाधान खोज्नेजस्ता कुराहरूलाई उक्त कृतिमा सर्वोपरि महत्त्व दिइएको छ । उपर्युक्त प्रकृतिको आचरण र व्यवहार महिला र पुरुष दुवैले अवलम्बन गर्दा समाजबाट लैङ्गिक विषमता हटी सामाजिक समता कायम भई समतामूलक समाजको स्थापना हुने र त्यस कार्यले समग्र मानवजीवनमूल्य र मानवीय श्रेष्ठता कायम भई लोकहित हुने सचेततासम्बन्धी विचारको सम्प्रेषण यस उपन्यासमा गरिएको एवम् यस्तो लोककल्याणकारी विमर्शलाई प्रभावान्वितिपूर्ण ढङ्गले पाठकसमक्ष पुऱ्याउने कलात्मक र सिर्जनात्मक सामर्थ्य उपन्यासकार पद्मावती सिंहमा रहेको तथा बौद्धिक वर्ग लैङ्गिक समानता र समताका निम्ति प्रतिबद्ध रहनुपर्ने सार प्राप्त हुनुलाई यस लेखको निष्कर्षात्मक प्राप्तिका रूपमा प्रस्तुत गरिएको छ ।*

**शब्दकुञ्जी** : पितृसत्ता, लैङ्गिकता, शक्तिसन्तुलन, स्वको चेतनाविकास, समता ।

## विषयपरिचय

पितृसत्तात्मक सामाजिक र सांस्कृतिक संरचनाका कारण उत्पन्न लैङ्गिक विभेद र प्रतिकूल सामाजिक सांस्कृतिक परिवेशमा यथेष्ट सुधार गरी लैङ्गिक विभेदरहित समतामूलक समाजको स्थापनाका माध्यमबाट लोककल्याणको भाव व्यक्त गर्ने अभीष्टमा आधारित *समानान्तर आकाश* नेपाली साहित्यकी प्रसिद्ध आख्यानकार पद्मावती सिंहद्वारा लिखित लैङ्गिक सचेततायुक्त महत्त्वपूर्ण औपन्यासिक कृति हो । पितृसत्तात्मक सामाजिक र सांस्कृतिक संरचनाका कारण नेपाली नारीले भोग्नुपरेका विभेद, उत्पीडन र किनाराकृत जीवनपद्धतिको आलोचनात्मक यथार्थाङ्कनमा केन्द्रित यस उपन्यासका माध्यमबाट उपन्यासकार सिंहले पितृसत्ताको समानान्तरतामा मातृसत्ताको स्थापनाको अङ्कनका कोणबाट समतामूलक समाजको स्थापनाको चाहना अभिव्यक्त गरेकी छन् । अतः समग्र मानवसमुदाय, मानवीय जीवन र मानवतालाई कलङ्कित तुल्याउने लैङ्गिक विभेदयुक्त जीवनपद्धतिलाई विस्थापित गरी मानवजाति, मानवीय जीवन र मानवतालाई उजिल्याउने र मानव हुनुको श्रेष्ठतालाई सिद्ध गर्ने लैङ्गिक विभेदरहित समानतायुक्त जीवनपद्धतिको स्थापनाको परिकल्पनामा केन्द्रित प्रस्तुत औपन्यासिक कृतिका विषयमा अनुसन्धानपरक अध्ययन गर्नु आवश्यक देखिन्छ ।

लैङ्गिक विभेदका कारण उत्पन्न सामाजिक समस्यालाई अत्यन्त संवेदनशीलताका साथ उठाई लैङ्गिक विभेदका कारक तत्त्वहरूको खोजी गरी लैङ्गिक विभेद र उत्पीडनमा परेका महिला, पुरुष र तेस्रो लिङ्गीका पहिचान, अस्तित्व र मानवअधिकारका पक्षमा आवाज मुखरित गरी समाजका हरेक प्रकारका लैङ्गिक असमानता हटाई लैङ्गिक समतायुक्त समाजको स्थापनामा प्रतिबद्ध रही साहित्यिक कृतिको अध्ययन गर्नुपर्ने मान्यता आत्मसात् गर्ने एक महत्त्वपूर्ण सैद्धान्तिक पर्याधार नै लैङ्गिक समालोचना हो । यस अध्ययन पद्धतिले लैङ्गिक आधारमा समाजमा उत्पन्न हरेक प्रकारका समस्याहरूलाई अत्यन्त गम्भीरताका साथ उठाई सम्बद्ध सबै पक्षलाई मानव, मानवीय जीवन र मानवताप्रति संवेदनशील भई लैङ्गिक समानतायुक्त आचरण र व्यवहार अवलम्बन गर्न अभिप्रेरित गर्दछ । कलात्मक गद्य भाषामा संरचित बृहत् आख्यानयुक्त श्रव्यपाठ्य साहित्यिक विधालाई उपन्यास भनिन्छ । यस्तो साहित्यिक वैशिष्ट्य वरण गर्ने एउटा महत्त्वपूर्ण औपन्यासिक कृतिका रूपमा पद्मावती सिंहको *समानान्तर आकाश* रहेको छ । विधातत्त्व र स्वतन्त्र लेखनपद्धतिमा आधारित भई प्रस्तुत उपन्यासका विषयमा केही अध्ययन गरिए पनि लैङ्गिक समविकासको अवधारणाका माध्यमबाट मानवीय जीवनमूल्यको निरूपणमा अहम् भूमिका वरण गर्ने लैङ्गिक समालोचनाको सैद्धान्तिक पर्याधारको केन्द्रीयतामा यस कृतिको गहन अध्ययन गरिएको पाइँदैन, तसर्थ अध्ययनको यसै अपर्याप्तताको परिपूर्तिका निम्ति प्रस्तुत अध्ययन गरिएको हो । अतः लैङ्गिकताको सिद्धान्तका कोणबाट उक्त कृतिको अध्ययन गर्नुलाई यस लेखको प्रमुख प्राज्ञिक समस्याका रूपमा अवलम्बन गरिएको छ । यसै प्राज्ञिक समस्यालाई वस्तुपरक ढङ्गले समाधान गर्नाका निम्ति 'पद्मावती सिंहको *समानान्तर आकाश* उपन्यासमा लैङ्गिक सचेतताका केकस्ता सूचकहरूको प्रयोग गरिएको छ ?' जस्तो शोधप्रश्न तथा 'पद्मावती सिंहको *समानान्तर आकाश* उपन्यासमा प्रयुक्त लैङ्गिक सचेतताका सूचकहरूको मूल्याङ्कन गर्नु' जस्तो अध्ययनको उद्देश्यको निर्मिति गरिएको छ ।

मौलिक अध्ययन पद्धति र लोककल्याणकारी विमर्शमा आधारित भई पूर्णता प्रदान गरिएको प्रस्तुत लेखले स्रष्टालाई लोकहितकारी साहित्यसिर्जना, द्रष्टालाई साहित्यिक कृतिको मूल्यनिरूपण तथा पाठकलाई मानवजीवनको गरिमा र महत्त्व बुझी सोहीअनुसारको आचरण र व्यवहार गर्न प्रेरित गर्ने कार्यमा सघाउने भएकाले पुस्तकालयीय प्रयोजनका दृष्टिले यो अध्ययन औचित्यपूर्ण रहेको कुरा सिद्ध हुन्छ । पद्मावती सिंहको *समानान्तर आकाश* उपन्यासको मात्र अध्ययन गर्नुलाई यस लेखको कृतिगत तथा लैङ्गिक समालोचनाका पितृसत्ताको समानान्तरतामा मातृसत्ताको स्थापना, शरीर र स्वको चेतनाविकास तथा महिला र पुरुषको सहकार्यात्मक सम्बन्धमा जोड गरी तीनओटा विश्लेषणीय प्रारूपहरूको मात्र उपयोग गर्नुलाई यस लेखको सैद्धान्तिक क्षेत्रका रूपमा वरण गरिएको छ भने पद्मावती सिंहको *समानान्तर आकाश*बाहेकका अन्य कृति तथा लैङ्गिकताका उपर्युक्त मानदण्डबाहेकका अन्य पक्षको अध्ययन नगरिनुलाई यस लेखको कृतिगत र सैद्धान्तिक सीमा मानिएको छ ।

## अध्ययनको विधि

प्रस्तुत अध्ययनका लागि आवश्यक सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । यस लेखमा आधारभूत सामग्रीका रूपमा पद्मावती सिंहको *समानान्तर आकाश* उपन्यास तथा द्वितीयक स्तरको सामग्रीका रूपमा लैङ्गिक अध्ययनको सैद्धान्तिक पर्याधार एवम् अर्थापनको विधि र ढाँचाको निर्धारण गर्नाका निम्ति विभिन्न लेखक र अध्येताद्वारा गरिएका पूर्वअध्ययनहरूलाई उपयोगमा ल्याइएको छ । यस अध्ययनका निम्ति आवश्यक मुख्य सामग्रीको चयन सोद्देश्य नमुना छनोट विधिका आधारमा गरिएको छ । गुणात्मक र पाठविश्लेषणात्मक शोधविधिको उपयोग गरी प्रस्तुत लेखलाई पूर्णता प्रदान गरिएको छ । लैङ्गिक समालोचनाको सिद्धान्तलाई आधार बनाई बहुसत्यमा विश्वास गर्ने अनुसन्धान पद्धतिको उपयोग गरी सूचकअनुसारका सम्बद्ध पाठबाट तथ्य र साक्ष्य खोजी तिनको व्याख्या र विश्लेषण गरी यस लेखलाई परिपाकमा पुऱ्याइएको छ ।

## सैद्धान्तिक आधार

लैङ्गिकताका कारण सिर्जित समस्या र विषयवस्तुलाई अध्ययनीय विषय बनाउने, लैङ्गिकताका आधारमा महिला, पुरुष र तेस्रो लिङ्गीमाथि गरिने विभेद, उत्पीडन र दुर्व्यवहारलाई संवेदनशीलताका साथ उठाउने, लैङ्गिक विभेदका कारक तत्त्वहरूको खोजी गर्ने, लैङ्गिक कोणले समाजमा किनाराकृत गरिएका महिला, पुरुष र तेस्रो लिङ्गीहरूको अस्तित्व र मानवअधिकारका पक्षमा आवाज मुखरित गर्ने, मानवसमाजका यावत् उपलब्धि, अवसर र गतिविधिमा लैङ्गिक समानता र सहभागिताको अपेक्षा राख्ने, महिला र पुरुषको सहकार्यात्मक सम्बन्धमा जोड दिने, मानवतालाई मानवीय आचरण र लोकव्यवहारको आधार मान्ने, सबै प्रकारका लैङ्गिक विभेद र विषमताको समूल नष्टको अपेक्षा राख्ने तथा लैङ्गिक समानता र समतायुक्त समाजको परिकल्पना गर्ने अभीष्टका साथ पश्चिमी जगत्मा स्थापित साहित्यिक कृतिको मूल्याङ्कन गर्ने एउटा महत्त्वपूर्ण सैद्धान्तिक पर्याधार नै लैङ्गिक अध्ययन हो । समाजले महिला, पुरुष र तेस्रो लिङ्गीका निम्ति निर्धारण गर्ने भूमिका नै लैङ्गिकता हो (बरई, २०८०, पृ. २७७) । लिङ्गको निर्धारण समाज र संस्कृतिद्वारा गरिएको हुन्छ (गौतम, २०६७, पृ. ३१०) । महिला, पुरुष र तेस्रो लिङ्गीको अध्ययनमा

जोड दिने लैङ्गिक अध्ययनमा लैङ्गिक पहिचान, लैङ्गिक भूमिका र रूढिप्रकार, लैङ्गिक प्रतिनिधित्व, लैङ्गिक भिन्नता, लैङ्गिक विभेद, लैङ्गिक शक्ति र यौनिक राजनीतिको खोजी गरिन्छ (शर्मा, २०७८, पृ. १५६-१५७) । साहित्यमा प्रचलित लैङ्गिकतामूलक रूढिहरूको विनिर्माणका निम्ति प्रयत्न गर्ने समालोचनाका रूपमा लैङ्गिक समालोचना रहेको छ (एटम, २०७४, पृ. २०५) । यसै गरी मानवसमाजमा लैङ्गिक विषमतागत मान्यतालाई विस्थापित गरी समानता र समताको अवधारणा प्रतिस्थापित गर्ने प्रयासका रूपमा लैङ्गिक समालोचनालाई चिनाइएको छ (पाण्डे, २०६९, पृ. १) । यस समालोचनाले लैङ्गिक समविकासको अवधारणा प्रस्तुत गर्दछ (ढकाल, २०७०, पृ. ३३२) । मनुष्य हुनुको न्यूनतम गरिमाबाट समेत वञ्चित तुल्याइएका महिलाको विकासका निम्ति यो समालोचना क्रियाशील रहन्छ (अग्रवाल, सन् २०१४, पृ. १५) । उपर्युक्त तथ्यहरूलाई दृष्टिगत गर्दा यस अध्ययनले मानवसमाजका प्रत्येक आचरण र व्यवहारमा देखिने लैङ्गिक विभेद, उत्पीडन र दुर्व्यवहारको विपक्षमा आफूलाई उभ्याउँदै समाजमा हरेक लैङ्गिक पहिचानयुक्त मानवजातिलाई समानता, स्वतन्त्रता, मानवअधिकार र अस्तित्वका साथ जीवनयापन गर्ने अनुकूल वातावरणको सिर्जना गरी समता र समानतायुक्त समाजको स्थापनाको अपेक्षा राख्नुलाई आफ्नो केन्द्रीय लक्ष्य बनाएको जानकारी प्राप्त हुन्छ ।

लैङ्गिक समालोचनाको पृष्ठभूमिनिर्माण र विकासमा लैङ्गिक विभेदयुक्त मानवीय आचरण र व्यवहार तथा लैङ्गिक समानता र स्वतन्त्रताका निम्ति अवलम्बित विभिन्न अभियान र आन्दोलनहरूको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । प्राकृतिक रूपमा महिला र पुरुष समान रहे पनि लिङ्गका आधारमा समाजमा महिला र पुरुषका बिचमा गरिने विभेद र भूमिकानिर्धारणका कारण विषमताको अवस्था सिर्जना भई समतामूलक समाजको स्थापनार्थ यस समालोचनाको अवधारणा अस्तित्वमा आएको हो । महिला र पुरुषको सामाजिक र सांस्कृतिक भूमिका र विशेषता बोध गराउनु नै लैङ्गिकता हो (पाण्डे, २०६९, पृ. ३) । प्राचीन एवम् मध्य युगीन स्रष्टा र द्रष्टा पुरुष रहेका तथा मातृसत्तात्मक व्यवस्था किनाराकृत भई पितृसत्तात्मक व्यवस्थाले समाजमा प्रभुत्व कायम गरेका कारण पुरुषीय सम्मान, श्रेष्ठता, स्थान, शक्ति, अधिकार र स्वार्थअनुकूलको गतिविधिले बढी प्राथमिकता प्राप्त गरेको हो (अग्रवाल, सन् २०१४, पृ. ११-१२) । पितृसत्तात्मक समाजले नारीको श्रम, प्रजननशक्ति, यौनिकता, गतिशीलता, निजी सम्पत्ति एवम् आर्थिक स्वतन्त्रताको अधिकारबाट नारीलाई वञ्चित तुल्याउनुका साथै ती अधिकारप्रति पुरुषीय आधिपत्ययुक्त परिवेशको निर्मिति गर्दै महिलाले प्रेम, त्याग, सहिष्णुता, धैर्य, संयम, मातृत्व, क्षमा, सहनशीलताजस्ता गुणहरूलाई इमानदारीका साथ वरण गर्नुपर्ने विमर्शको उत्पादन गऱ्यो (अग्रवाल, सन् २०१४, पृ. १९) । पितृसत्तात्मक समाजमा सदियौँदेखि महिलाहरू उत्पीडनमा परेका तथा उनीहरूको सामाजिक हैसियत र भूमिका पुरुषद्वारा निर्धारण भएको पाइन्छ (जैन, सन् २०००, पृ. ११५) भने महिलाहरूको शोषण प्राचीन कालदेखि प्रारम्भ भएको र यो शोषण विश्वका सबै देशमा पाइए पनि एसिया महाद्वीपमा झन् बढी पाइन्छ (विजयचन्द्र, सन् २००२, पृ. ५५) । पितृसत्तात्मक समाजले पुरुषलाई साहसिक, शक्तिशाली, तार्किक, आत्मविश्वासी एवम् प्रतिस्पर्धी स्वभावयुक्त आचरण र व्यवहार गर्न प्रेरित गरेको पाइन्छ (भासिन, सन् २०००, पृ. ६) . पद, प्रतिष्ठा, अधिकारप्राप्ति र स्वामित्व लिने आधारमा पुरुषचरित्रलाई मात्र केन्द्रमा राखी सम्पादन गरिने व्यवहार पितृसत्तात्मक समाजमा पाइन्छ

(पौड्याल, २०७७, पृ. ३३४)। पितृसत्तात्मक सामाजिक ढाँचाको विकास हुँदै जाँदा नारीहरूले औपनिवेशिकतावादी र पितृसत्तात्मक दुवै प्रकारको शोषण सहन विवश हुनुपर्‍यो (उप्रेती, २०६९, पृ. २३७)। महिलाहरू घरायसी कामका निम्ति उपयुक्त रहेको विमर्शनिर्माणमा पितृसत्तात्मक प्रणालीको भूमिका रहेको छ (पिल्चर र ह्वेलहान, सन् २००४, पृ. ५६). हरेक अवसर र सुविधाको केन्द्रमा रहेको पुरुषवादले नारीवाद र लैङ्गिक समानताको खोजी गर्न बाध्य तुल्यायो (त्रिपाठी, २०६७, पृ. १८९)। उपर्युक्त तथ्यहरूलाई अवलम्बन गर्दा मानवजीवनलाई समुन्नत र गतिशील तुल्याउने कार्यमा समान ढङ्गले सहभागी रहने महिला र पुरुषका बिचमा लैङ्गिक विभेदको अवस्था सिर्जना भई पुरुषले आफूलाई शासक र महिलालाई शासित वर्गका रूपमा प्रस्तुत गर्ने विमर्शको निर्माण गरी समाजमा लैङ्गिक विभेद र उत्पीडनको अवस्थाको सिर्जना गरेको जानकारी प्राप्त हुन्छ। यसै विभेद र असमानतालाई निर्मूल पार्नका निम्ति विभिन्न प्रकारका अभियानहरू चलाउन थालिए। उन्नाइसौँ शताब्दीको उत्तरार्द्धदेखि नै बेलायतमा महिला अधिकारकर्मीहरूले शिक्षा, सम्पत्ति, रोजगार, मतदान आदिमा पुरुषसमान महिलाको अधिकार हुनुपर्ने लक्ष्यमा आधारित अभियान चलाए (अब्राह्म्स र हर्फाम, सन् २०२०, पृ. ३७). यसै गरी कतिपय समाजमा महिलाद्वारा पीडित रहेका पुरुष तथा समाजमा किनाराकृत गरिएका तेस्रो लिङ्गीको अधिकारका निम्ति समेत आवाज उठाउन थालियो ( भट्टराई, २०७६, पृ. २६८)। त्यसै गरी उत्तरआधुनिकतावाद, उत्तरउपनिवेशवाद, नारीवाद, सीमान्तीयता आदिले समाजको सीमान्त वर्गको पक्षमा विचार प्रस्तुत गरे। यिनै पृष्ठभूमिमा लैङ्गिक समालोचनाको विकास भएको पाइन्छ।

लैङ्गिक समालोचनाको विकास र स्थापनामा विभिन्न अध्येताहरूको अहम् भूमिका रहेको पाइन्छ। कार्लमार्क्स र एङ्गेल्सको नारीवादी अवधारणा तथा नारीवादी आन्दोलनको प्रारम्भदेखि लैङ्गिक समालोचनाको उठान भएको मानिए पनि यस समालोचनाले वास्तविक रूपमा नारीवादको विकासमा दोस्रो लहर आरम्भ भएपछि सन् १९७० को दशकमा सैद्धान्तिक स्वरूप प्राप्त गरेको हो ( शर्मा, २०७८, पृ. १५७)। यस समालोचनाको विकासमा सिमोन द बुवाको *द सेकेन्ड सेक्स* (सन् १९४९) र बेट्टी फिडनको *द फेमिनियन मिस्टेक*ले महत्त्वपूर्ण भूमिका वरण गर्‍यो (भट्टराई, २०७६, पृ. २६२)। यसरी नै यस समालोचनाको विकासमा जोसेफ एच. प्लिकको *द मिथ अफ मासकुलिनिटी* (सन् १९८१), कैरोल स्मिथ रोजेनबर्गको *डिसअर्डर्ली कन्डक्ट : भिजन्स अफ जेन्डर इन भिक्टोरियन अमेरिका* (सन् १९८५), पिटर जि. फ्लिनेको *हिम / हर सेल्फ : सेक्स रोल्स इन मडर्न अमेरिका* (सन् १९८६), रिट फेलेस्कीको *द जेन्डर अफ मडरनिटी* (सन् १९९५) जस्ता कृतिले सघाएका छन् (अब्राह्म्स र हर्फाम, सन् २०२०, पृ. १४८-१४९). नारीवादी समालोचनाको विस्तारका रूपमा समेत लिइने, नारीहिंसामा लाग्ने पुरुषलाई दण्डित गरिएझैँ पुरुषहिंसामा लाग्ने नारीलाई दण्डित गर्नुपर्ने एवम् लैङ्गिक समानताको धारणा प्रस्तुत गर्ने मान्यता राख्ने तथा १९८० को दशकमा स्थापित पुरुषवादी लैङ्गिक समालोचनाको विकासमा वारेन फारेल, ब्लाजमिना क्रिस, मार्टिन एफर, ह्यारी ब्रान्ड आदिको अहम् योगदान रहेको पाइन्छ (शर्मा, २०७८, पृ. १५८)। उपर्युक्त तथ्यहरूलाई दृष्टिगत गर्दा महिलाहरूलाई न्याय र अधिकार दिलाउने लक्ष्यका साथ आरम्भ भएको लैङ्गिक समालोचनाले महिलाद्वारा पीडित पुरुष एवम् महिला र पुरुष दुवैद्वारा पीडित तेस्रो

लिङ्गीहरूको मानवअधिकार, समानता र स्वतन्त्रताको पक्षमा आफूलाई प्रस्तुत गर्दै आफ्नो अध्ययनीय क्षेत्र फराकिलो बनाउँदै साहित्यिक कृतिको मूल्याङ्कन गर्ने एउटा महत्त्वपूर्ण सैद्धान्तिक पर्याधारका रूपमा विकसित भएको निष्कर्ष प्राप्त हुन्छ ।

समाजका लैङ्गिकतासम्बन्धी समस्याको उठान गरी लैङ्गिक विभेद र उत्पीडनरहित समतामूलक समाजस्थापनाको अपेक्षा राख्नु नै लैङ्गिक समालोचनाको केन्द्रीय मान्यता हो । मोहनराज शर्मा (२०७८) ले लिङ्गलाई सामाजिक र सांस्कृतिक निर्मिति मान्नु, नारी र पुरुषलाई शारीरिक यौनिकताका दृष्टिले भिन्न मान्नु, नारीमाथि पुरुष प्रभुत्व मात्र नभई पुरुषमाथि नारी, नारीमाथि नारी र पुरुषमाथि पुरुषको वर्चस्व रहने कुरालाई स्विकार्नु, श्रम, शिक्षा, आय, स्वामित्व, सम्पत्ति, सङ्गठनात्मक कार्य, रेखदेख आदिको वितरणमा लिङ्गभेदलाई एउटा अस्त्रका रूपमा वरण गर्नु, व्यक्तिको पहिचाननिर्धारणमा लैङ्गिकताजस्ता तत्त्वको अहम् भूमिका रहने कुरामा विश्वास गर्नुलाई लैङ्गिक समालोचनाका प्रमुख मान्यताका रूपमा उल्लेख गरेका छन् (पृ. १५९-१६०) । उपर्युक्त मान्यताहरूलाई समेत अवलम्बन गर्दै लैङ्गिक विषयलाई सामाजिक र सांस्कृतिक निर्मिति मान्नु, लैङ्गिक विभेद र दमनका कारणहरूको खोजी गर्नु, लैङ्गिकताका कारण किनाराकृत हुन पुगेका महिला, पुरुष र तेस्रो लिङ्गीका पक्षमा आवाज उठाउनु, महिला र पुरुषको सहकार्यात्मक सम्बन्धमा जोड दिनु, लैङ्गिक विभेदयुक्त परम्परा, प्रथा, कानुन एवम् मानवीय आचरण र व्यवहारप्रति आलोचनात्मक हुनु, लैङ्गिक समानता र स्वतन्त्रताका निम्ति कानुन सशक्त हुनुपर्ने अभिमत प्रस्तुत गर्नु, लैङ्गिक समानताका निम्ति सम्बद्ध सबै पक्ष सचेत, संवेदनशील र जवाफदेही हुनुपर्ने विचार प्रकट गर्नु, लैङ्गिक असमानता र उत्पीडनका विपक्षमा आवाज उठाउनुका साथै विद्रोह र प्रतिरोध गर्नुपर्ने मत प्रस्तुत गर्नु, व्यक्तिको उसको शरीरप्रतिको अधिकारलाई सर्वोपरि महत्त्व दिनु, प्रत्येक व्यक्तिको लैङ्गिक पहिचानप्रति सद्भाव र सम्मान गर्नुपर्ने विमर्शको पक्षपाती हुनु, प्रत्येक व्यक्ति आफ्नो अस्तित्व, पहिचान र अधिकारप्रति सचेत हुनुपर्ने कुरामा जोड दिनु तथा साहित्यिक कृतिमा लैङ्गिक दृष्टिले उत्पीडित व्यक्तिलाई सक्रिय र सशक्त वा निष्क्रिय र गौण ढङ्गले प्रतिनिधित्व गराइएनगराइएको कुरालाई पनि कृतिमूल्याङ्कनको आधार बनाउनुपर्ने विचार प्रवाहित गर्नुलाई लैङ्गिक समालोचनाका प्रमुख मान्यताका रूपमा सूचीबद्ध गर्न सकिन्छ ।

लैङ्गिकताका पितृसत्ताको समानान्तरतामा मातृसत्ताको स्थापना, शरीर र स्वको चेतनाविकास तथा महिला र पुरुषको सहकार्यात्मक सम्बन्धमा जोड गरी तीनओटा विश्लेषणीय प्रारूपमा आधारित रही पद्मावती सिंहको *समानान्तर आकाश* उपन्यासमा अङ्कित सचेतताको मूल्याङ्कन यस लेखमा गरिएको छ । पितृसत्ताको हाराहारीमा मातृसत्तालाई पुऱ्याउनुपर्ने मान्यता राख्ने लैङ्गिक अवधारणा नै पितृसत्ताको समानान्तरतामा मातृसत्ताको स्थापना हो । यसै गरी शरीर र स्वको चेतनाविकासले 'मेरो शरीर मेरो अधिकार' भन्ने आशयलाई बोध गराउँछ । त्यसै गरी महिला र पुरुषको सहकार्यात्मक सम्बन्धमा जोडले सामाजिक र पारिवारिक जीवनमा समान महत्त्व वरण गर्ने महिला र पुरुषका बिचको आपसी समन्वय, सहकार्य र मेलमिलापमा मात्र मानवजीवन सार्थक र समुन्नत हुन सक्ने दृष्टिकोण प्रस्तुत गर्दछ । लैङ्गिक अध्ययनका यिनै तीनओटा सूचकका केन्द्रीयतामा प्रस्तुत लेखलाई पूर्ण बनाइएको छ ।

## विमर्श र नतिजा

पद्मावती सिंहको *समानान्तर आकाश* उपन्यासमा अङ्कित लैङ्गिक सचेततासम्बन्धी विमर्श र नतिजालाई तलका उपशीर्षकहरूमा प्रस्तुत गरिएको छ :

### पितृसत्ताको समानान्तरतामा मातृसत्ताको स्थापना

पद्मावती सिंहको *समानान्तर आकाश* उपन्यासमा पितृसत्ताको समानान्तरतामा मातृसत्ताको स्थापना गरिएको छ । परिवारमा पिताको प्रभुत्व रहने, पिताकै इच्छाबमोजिम हरेक कार्य सम्पन्न गरिने, विवाहपश्चात् महिला पुरुषका घरमा बस्ने र पुरुषको अधीनमा रहने, पुरुषकै थरबाट पत्नी र छोराछोरीको थर निर्धारण गरिने तथा सामाजिक, सांस्कृतिक, शैक्षिक, कानुनी, आर्थिक आदि क्षेत्रमा पुरुषकै वर्चस्व रहनुपर्ने मान्यता राख्ने समाजद्वारा निर्मित पद्धति नै पितृसत्ता हो । यस सत्ताले एकातिर पुरुषलाई साहसिक, शक्तिशाली, तार्किक, आत्मविश्वासी, प्रतिस्पर्धीजस्ता गुणयुक्त आचरण र व्यवहार गर्न प्रेरित गर्दछ (अग्रवाल, सन् २०१४, पृ. १९) भने अर्कोतिर महिलालाई प्रेम, त्याग, सहिष्णुता, धैर्य, संयम, क्षमा, सहनशीलताजस्ता गुणहरूलाई वरण गर्न बाध्य तुल्याउँछ (भासिन, सन् २०००, पृ. ६). यस अवधारणाले पुरुषलाई समाजको प्रभुत्वशाली र महिलालाई अधीनस्थ वर्गीय भूमिकामा आबद्ध गर्न खोजेको कुरा स्पस्ट हुन्छ । उपर्युक्त वैशिष्ट्यलाई उल्ट्याउँदै नारीको वर्चस्व कायम गर्ने अभिमत अवलम्बन गर्ने सामाजिक अवस्था नै मातृसत्ता हो । पुरुषले बठ्याइँपूर्वक एकपक्षीय ढङ्गले निर्माण गरेको महिलाविरोधी विमर्शको कुनै तार्किक औचित्य नरहेको तथा महिला प्रतिभा, सामर्थ्य र कार्यगत कुशलताका दृष्टिले पुरुषभन्दा कम नरहेको कुराको स्वमूल्याङ्कन गर्दै प्रस्तुत उपन्यासका महिलाहरूले पितृसत्ताको विस्थापन र मातृसत्ताको स्थापनाका निम्ति सशक्त प्रयत्न गरेका छन् । यस उपन्यासका सुस्मिता, स्विटी, कृष्णमाया, प्रतिमा, आस्था, नम्रता, योगमाया खडकाजस्ता महिला पात्रद्वारा पितृसत्तात्मक विचारधाराका दृष्टिले महिलाका निम्ति निर्मित पराश्रित, पालिता, कमजोर, निष्क्रिय, आकाङ्क्षारहित, सहायक कार्य गर्ने, घरभित्र बस्ने, रक्षिता, मनोरञ्जन दिने, अह्राएको काम गर्नेजस्ता वैशिष्ट्ययुक्त पुरुषकेन्द्री र महिला अमैत्री विमर्शलाई उल्ट्याई कठोर, आक्रामक, साहसी, बलवान्, आत्मनिर्भर, रक्षक, सक्रिय, महत्त्वाकाङ्क्षी, सक्षम, तर्कशील, निर्णयकर्ता, ठुला र महत्त्वपूर्ण कार्य गर्नेलगायतका चारित्रिक वैशिष्ट्य वरण गरिएको छ ।

पद्मावती सिंहको *समानान्तर आकाश* उपन्यासकी प्रमुख नारीपात्र सुस्मिता मातृसत्ताको चेतले अभिप्रेरित रहेकी छ । उसले एम्. ए. को शैक्षिक योग्यता प्राप्त गर्नु, पितृसत्तात्मक विचारधारायुक्त पति अविनाशको महिलाका यौवन र प्रजननप्रति पुरुषीय आधिपत्य कायम गर्नाका निम्ति केही वर्ष सन्तान नजन्माउने प्रस्तावलाई पूर्ण रूपले अस्विकार्दै केही वर्षको अन्तरालमा एक छोरी र एक छोरा जन्माउनु, पति परस्त्रीतर्फ लागेको सूचना प्राप्त गर्दा कि आफू र सन्तान कि परस्त्रीलाई छनोट गर्नुपर्ने परिस्थितिको सिर्जना गर्नु, पतिले परस्त्रीलाई रोज्दा उसलाई सदाका निम्ति त्याग्नु, बुढेस कालमा फर्किएको पतिलाई घरबाहिरबाट फर्काइदिनु, महिला विकास कार्यक्रमको संयोजक भई दुर्गम पहाडी क्षेत्रमा लामो समय बसी महिला सशक्तीकरणका निम्ति महत्त्वपूर्ण कार्य

गर्नु, छोराछोरीलाई विद्यालयीय शिक्षा काठमाडौँस्थित आवासीय तथा उच्च शिक्षा फिलिपिन्स र अमेरिकामा प्राप्त गर्ने प्रबन्ध मिलाउनु, आफूलाई हार्दिकतापूर्वक प्रेम गर्ने र नारीको अस्तित्वलाई स्विकार्ने प्रभातलाई प्रेमी र जीवनसाथीका रूपमा वरण गर्नुजस्ता कार्यले पितृसत्तात्मक समाजद्वारा महिलाका लागि निर्मित महिला अमैत्री चारित्रिक वैशिष्ट्यलाई विनिर्मित तुल्याएका छन् । यस उपन्यासकी अर्की पात्रले यहाँका मानिसहरू पितृसत्तात्मक विचारधाराबाट प्रेरित भई महिलालाई होच्याउने गरेको कुरा गर्दा सुस्मिताले व्यक्त गरेका "हामीहरूले उदाहरण बनेर काम गरी देखाउनुपर्दछ, यिनीहरूको परम्परागत सोचाइमा बिर्को लगाउनुपर्दछ । ....मर्दले आँटे जे पनि गर्न सक्छ भन्छन् । अब महिलाले आँटेमा जे पनि गर्न सक्छन् भनी प्रमाणित गरेर देखाउनुपर्दछ हामीले" (पृ. ५-६) जस्ता अभिव्यक्तिले प्रस्तुत उपन्यासमा नारीसत्ताको स्थापना गर्न खोजिएको कुरालाई प्रस्ट्याएका छन् । उपर्युक्त कार्यव्यापारले सुस्मिता मातृसत्ताले अपेक्षा गरेअनुसारको आचरण र व्यवहार वरण गरेको सार प्राप्त हुन्छ ।

पद्मावती सिंहको *समानान्तर आकाश* उपन्यासकी नारीपात्र स्विटीको आचरण र व्यवहारमा पनि मातृसत्तात्मक वैशिष्ट्य आरोपित गरिएको छ । स्विटीले उच्च शिक्षा प्राप्त गर्नु, एउटा परियोजनाको कामका सिलसिलामा सहकर्मी एक पुरुषद्वारा बलात्कृत भई गर्भवती हुँदा आजीवन अविवाहित रही बच्चा जन्माई त्यसकै भविष्यका निम्ति क्रियाशील रहने प्रतिबद्धता गर्नु, आमाबुवाद्वारा बहिष्कृत गरिँदासमेत फुपूको घरमा गई सन्तान जन्माउनु, दुर्गम पहाडी क्षेत्रमा महिला विकास परियोजनामा जागिर गर्नु, एक पटक कामको सिलसिलामा कार्यस्थलबाट एक्लै फर्कँदा रात परी जङ्गलमा बाटो बिराउँदा रुखमा चढी बत्ती बलेको आधारमा मानवबस्तीको पहिचान गरी सजिलै तरिकाले ठुलो सङ्कटबाट आफूलाई जोगाउनु, छोरा शाश्वतलाई विद्यालयीय शिक्षा काठमाडौँमा प्राप्त गर्ने प्रबन्ध मिलाउनु, छोरालाई इन्जिनियरिङ पढ्नाका निम्ति विदेश पठाउनु, उसलाई उक्त विषयमा उच्च तहसम्मको शिक्षा प्राप्त गर्ने वातावरण मिलाउनु, आजीवन एकल जीवन व्यतीत गर्नुजस्ता कार्य गरी आफूलाई पितृसत्तात्मक समाजद्वारा निर्मित महिलाले अवलम्बन गर्नुपर्ने वैशिष्ट्यलाई उल्ट्याई प्रभुत्वशाली भूमिकामा आबद्ध गरेकी छ । उसका यस्ता कार्यले महिला पालितामात्र हुने पितृसत्तात्मक विमर्शलाई विनिर्मित तुल्याएका छन् ।

पद्मावती सिंहको *समानान्तर आकाश* उपन्यासका महिला परियोजनामा जागिर गरी पतिलाई आफ्नो अस्तित्व स्विकार्न बाध्य तुल्याउने कृष्णमाया, महिला विकास कार्यक्रमको संयोजक पदमा नियुक्त हुने नम्रता, पढाइमा अत्यन्त जेहेन्दार हुनुका साथै शारीरिक रूपमा अत्यन्त बलियै रहेकी प्रतिमा, प्रेमविवाह गरी पतिबाट गर्भवती हुन नसक्दा कृत्रिम गर्भाधान गर्ने विषयमा पतिलाई सहमत गराउन बाध्य तुल्याउने स्वेच्छा, पुरुष उम्मेद्वारलाई चुनावमा हराई गा. वि. स. अध्यक्ष बन्ने बुद्धिमाया तामाङलगायतका अधिकांश नारीपात्रहरूको आचरण र व्यवहारमा पितृसत्तात्मक समाजले निर्माण गरेको महिला अमैत्री चारित्रिक वैशिष्ट्य विनिर्मित भएको छ । यसै गरी सुस्मितासित व्यक्त गरेकी एक महिलाको "आज समूहमा बसेर हामीले आयआर्जन गरी केही पैसा कमाएको छौँ । अब हामीलाई लोग्नेका सामू हात फैलाउनु पर्‍याछैन । त्यति मात्र होइन हाम्रो समूहमा एकता, समझदारी र समान सहभागिता हुनाले कसैले थिचोमिचो पनि गर्न सक्दैनन्" (पृ.

६८) भन्ने प्रस्तुत उपन्यासको अभिव्यक्तिले महिलाहरू सशक्तीकरणतर्फ उन्मुख हुँदै शक्ति सञ्चय गर्दै आत्मनिर्भरयुक्त स्वाभिमानी जीवन व्यतीत गर्ने कार्यमा सफलता प्राप्त गरेको तथ्यको उद्घोष गरेको छ। त्यसै गरी यस उपन्यासका अधिकांश घटनावली र कार्यव्यापारले पितृसत्ताको समानान्तरतामा नारीसत्तालाई पुऱ्याएका छन्।

पद्मावती सिंहको *समानान्तर आकाश* उपन्यासका घटनावली र कार्यव्यापारलाई दृष्टिगत गर्दा प्रस्तुत उपन्यासका नारीपात्रहरू साहसिक, शक्तिशाली, तार्किक, आत्मविश्वासी, प्रतिस्पर्धी, सङ्घर्षशील, नेतृत्वदायी आदि भूमिकामा आबद्ध रहेको निष्कर्ष प्राप्त हुन्छ। यस उपन्यासका अधिकांश नारीपात्रहरूले आफूलाई पुरुषीय अहङ्कार र अहम्ताको विपक्षमा उभ्याएका छन्; उनीहरूले पुरुषको महिलाविरोधी क्रियाकलापको जोडदार प्रतिरोध गरेका छन्; लैङ्गिक समता तथा महिलाअधिकारका निम्ति उनीहरूले सफलता प्राप्त गरेका छन्। उनीहरूको सामाजिक रूपान्तरणमूलक कार्यप्रति यस उपन्यासका अधिकांश पुरुषले पनि सहमति जनाएका छन्, तसर्थ प्रस्तुत उपन्यासमा पितृसत्ताको समानान्तरतामा मातृसत्ताको स्थापना गरी नेपाली समाजमा विद्यमान लैङ्गिक विषमता र विभेदलाई किनाराकृत गर्नुपर्ने सामाजिक सचेततासम्बन्धी विचार सम्प्रेषण गर्न खोजिएको कुरा स्पष्ट हुन्छ।

**शरीर र स्वको चेतनाविकास**

पद्मावती सिंहको *समानान्तर आकाश* उपन्यासका नारी पात्रहरूमा शरीर र स्वको चेतनाविकास भएको पाइन्छ। शरीर र स्वको चेतना भन्ने अभिव्यक्तिले 'मेरो शरीर मेरो अधिकार' भन्ने अभिप्राय बोध गराउँछ। यस अवधारणाले व्यक्तिलाई उसको शरीरप्रतिको उसको सर्वोपरि अधिकार रहेको विषयमा सचेत गराउँछ। यस अवधारणाको ज्ञान भएका व्यक्तिहरू अन्य व्यक्तिको इच्छाअनुसार नभई आफ्नो चाहनाअनुसार आफ्नो शरीरको उपयोग गर्दै शरीरप्रतिको आफ्नो एकल अधिकारलाई जोगाउने विषयमा अत्यन्त संवेदनशील र सचेत देखिन्छन्। यस उपन्यासका सुस्मिता, स्विटी, स्वेच्छा, नम्रता, आस्थाजस्ता नारी पात्रहरू शरीर र स्वको चेतनाले अभिप्रेरित देखिन्छन् भने प्रभात, आकाशलगायतका पुरुष पात्रहरूले समेत उक्त अवधारणाको कार्यान्वयनमा सघाएका छन्। सुस्मिताको आकर्षक शरीरबाट मोहित भई उसको शारीरिक सौन्दर्यलाई यथावत् राख्ने मनस्थितिका साथै उसको यौन र प्रजननप्रतिको पुरुषीय वर्चस्व कायम गर्नाका निम्ति केही समय सन्तान नजन्माउने विषयमा धम्कीपूर्ण ढङ्गले सहमत गराउन खोज्दा पतिलाई छोडेर भए पनि सन्तान जन्माउने कुरा पतिसित व्यक्त गर्नु, पतिको इच्छाविपरीत नै केही समयको अन्तरालमा एक छोरी र एक छोरा जन्माउनु, पति अर्कै महिलाप्रति आकर्षित र समर्पित भएको जानकारी पाई चरित्रहीन पतिले आफ्नो शरीरलाई दुषित तुल्याउने कुराको मूल्याङ्कन गर्दै कि आफूलाई कि प्रेमिकालाई रोज्ने चुनौती पतिलाई दिनु, पतिले प्रेमिकालाई रोज्दा तत्काल घरबाट निस्कने र कहिल्यै आफूलाई नभेट्ने आदेश दिनु, कामका सिलसिलामा भेटिएका विद्यार्थीकालीन साथी प्रभातलाई प्रेम गर्न थाल्नु, सन्तानप्रतिको दायित्व पूरा गरी शेषजीवन अमेरिकामा प्रभातसँगको सहकार्यमा व्यतीत गर्ने निर्णय गर्नुजस्ता सुस्मिताका आचरण र व्यवहारसम्बन्धी तथ्यले उसभित्रको शरीर र स्वचेतनाको विकासलाई छर्लङ्ग्याएका छन्। सुस्मिताले प्रभातसित व्यक्त गरेको "मेरो निजी जीवन आफ्नै हो।

त्यसमाथि कसैको हस्तक्षेप म स्विकार्न सक्दिनँ । तर जीवनका यात्रामा आइपर्ने आरोहअवरोहमा साथ दिन, जीवनको रिक्ततालाई पुनः एउटा सहयात्रीको आवश्यकता महसुस गरेकी छु, त्यसैले तिमीले मेरो जीवनमा सहयात्रीका रूपमा प्रवेश गरेका छौ" (पृ. १०८) भन्ने अभिव्यक्तिले सुस्मिताभित्रको स्वचेतनाका साथै अविनाश र उस (सुस्मिता) बिचको सम्बन्ध टुटेको तथा सुस्मिता र प्रभातका बिचमा सम्बन्ध स्थापित भई ती दुई सहयात्रीका रूपमा देखिएका एवम् सुस्मिताले मन परेको व्यक्तिलाई मात्र आफ्नो शरीर सुम्पन सक्ने कुरालाई समेत प्रस्ट्याएको छ ।

पद्मावती सिंहको *समानान्तर आकाश* उपन्यासका स्विटी, स्वेच्छा, नम्रता, अपर्णा, आस्थाजस्ता नारी पात्रहरू पनि शरीर र स्वचेतनाको अवधारणाबाट पूर्ण रूपले प्रवाहित देखिन्छन् । कार्यरत परियोजनाकै सहकर्मीद्वारा बलात्कृत भई स्विटी गर्भवती हुनु, गर्भवती भइसकेपछि उत्पन्न समस्याको समाधानका निम्ति बलात्कारी पुरुषको खोजी गरी उसैलाई जीवनसाथी बनाउने विचार मनमा आए पनि त्यस्तो अपराधीलाई पति मान्न नसकिने मनस्थितिमा पुग्नु, प्रेमीसित अविलम्ब विवाह गरी समस्यासमाधान गर्ने विचार मनमा आए पनि उसलाई विश्वासघात गर्ने कार्यलाई पाप ठान्दै त्यो कार्य पनि नगर्नु, सामाजिक लोकाचार र लाञ्छानाबाट जोगिनाका निम्ति आत्महत्या गर्ने कायरका रूपमा पनि आफूलाई वरण गर्न नसक्नु, जीवनभर एकल जीवन व्यतीत गर्नुजस्ता स्विटीसँग सम्बद्ध कार्यव्यापारले उसले आफूमा शरीर र स्वचेतनाको विकास गरेको कुरालाई सिद्ध गरेका छन् । यसै गरी उच्च शिक्षा हासिल गर्न भारत गएकी स्वेच्छाले एकजना भारतीय नागरिकलाई प्रेम गरी उसैसँगको दाम्पत्यजीवनमा आबद्ध हुनु, लामो समयसम्म सन्तान जन्मन नसक्दा कृत्रिम प्रक्रियाका माध्यमबाट भए पनि सन्तानवती बन्ने प्रस्तावमा पतिले विमति जनाउँदा पतिसित सम्बन्धविच्छेद गरेर भए पनि कृत्रिम गर्भाधान गर्ने निर्णयमा पुग्दा पतिबाट गर्भाधानका निम्ति सहमति पाउनु, गर्भावती हुनुजस्ता स्वेच्छाका आचरण र व्यवहारले उसमा रहेको आफ्नो शरीरप्रतिको स्वअधिकारसम्बन्धी सचेतताको द्योतन गरेका छन् । त्यसै गरी सिङ्गापुरमा तालिमका क्रममा विदेशी नागरिक अब्राहमसँग यौनसम्बन्धसमेत कायम गरेकी नम्रता नेपाल फर्किएपछि आजीवन अविवाहित रहने तथा आफ्नो शरीरको उपयोग आफ्नै ढङ्गले गर्ने मानसिकतामा पुग्ने कार्यले उसमा रहेको शरीरप्रतिको स्वचेतनागत विषयलाई प्रस्ट्याएका छन् भने उच्च शिक्षा हासिल गर्न अमेरिका गएकी अपर्णाले अमेरिकी नागरिक रबिन्सनलाई प्रेमी र पतिका रूपमा वरण गर्नु तथा सुस्मिताकी छोरी आस्थाले आजीवन अविवाहितै रहने निर्णय आमासित साझा गर्ने कार्यले अपर्णा र आस्थामा शरीर र स्वचेतनाको विकास भएको कुरालाई बोध गराएका छन् । यसरी नै यस उपन्यासमा अङ्कित नेपाली ग्रामीण क्षेत्रका युवतीहरूले मागी विवाहका साटो प्रेमविवाहलाई बढी प्राथमिकता दिइरहेका कार्यले समेत शरीर र स्वचेतनाको विकासको सुहाउँदो अवस्थालाई बोध गराएका छन् ।

पद्मावती सिंहको *समानान्तर आकाश* उपन्यासका महिलाहरूको शरीर र स्वचेतनाको विकासमा पुरुष पात्रहरूले पनि सघाएका छन् । सुस्मितासित पटकपटक एक्लै बस्ने प्रभातले उसलाई कहिले पनि कामवासनात्मक दृष्टिले नहेर्नु, सुस्मितालाई हार्दिक प्रेम गरिरहनु, सुस्मितालाई आफ्नो जीवन व्यतीत गर्ने पूर्ण स्वतन्त्रता रहेको कुरा सुस्मितासित व्यक्त गर्नु, सुस्मिताका छोराछोरी

आत्मनिर्भर बनिसकेको अवस्थामा सुस्मितालाई अमेरिका आई आफूसँगको दाम्पत्यजीवनमा आबद्ध हुनाका निम्ति प्रस्ताव राख्दा सुस्मिताले केही समय पर्खन आग्रह गर्दा उक्त आग्रहलाई हार्दिकतापूर्वक स्विकार्नु, सुस्मिताले जीवनसाथी बन्ने प्रस्ताव राख्दा सहर्ष स्वीकार गर्नुजस्ता कार्यव्यापारले सुस्मितामा शरीर र स्वचेतनाको विकासलाई थप परिपाकमा पुऱ्याउने कार्यमा अहम् भूमिका वहन गरेका छन् । यसै गरी आमा सुस्मिता र प्रभातबिचको प्रेमसम्बन्धका विषयमा जान्ने आकाशले पत्नी र छोराका साथ विदेसिन लाग्दाको समयमा आमा सुस्मितासित आमालाई आफ्नो वैयक्तिक जीवनका विषयमा निर्णय गर्ने पूर्ण अधिकार रहेको तथा आमाले गर्ने कुनै पनि निर्णय आफूहरूलाई मान्य हुने कुरा व्यक्त गर्ने कार्यले सुस्मितालाई प्रभातलाई जीवनसाथी बनाउने विषयलाई झनै सहज तुल्याएको छ । उपर्युक्त तथ्यहरूलाई सामान्यीकरण गर्दा प्रस्तुत उपन्यासका नारी पात्रहरूमा 'मेरो शरीर मेरो अधिकार' को ज्ञान बढ्दै जाँदा लैङ्गिक उत्पीडन र विभेद ह्रासोन्मुख अवस्थामा पुगेको तथा नेपाली महिलाहरू शक्तिशाली बन्दै गएको निष्कर्ष प्राप्त हुन्छ ।

**पुरुष र महिलाको सहकार्यात्मक सम्बन्धमा जोड**

पद्मावती सिंहको *समानान्तर आकाश* उपन्यासमा पुरुष र महिलाबिचको सहकार्यात्मक सम्बन्धमा जोड दिइएको छ । सामाजिक र पारिवारिक जीवनमा समान महत्त्व वरण गर्ने महिला र पुरुषका बिचको आपसी समन्वय, सहकार्य र मेलमिलापमा मात्र मानवजीवन सार्थक र समुन्नत हुन सक्ने दृष्टिकोण यस उपन्यासमा प्रस्तुत गरिएको छ । महिलाले पुरुषलाई वा पुरुषले महिलालाई लैङ्गिक विभेद र उत्पीडनको सिकार बनाउँदा, एक पक्षले अर्को पक्षलाई अधीनस्थ बनाउने प्रयास गर्दा वा एक पक्षले अर्को पक्षलाई आफूभन्दा हीन ठहऱ्याउने चतुऱ्याइँ गर्दा पारिवारिक र सामाजिक जीवन दुर्घटित हुन सक्ने परिस्थितिको अङ्कन यस उपन्यासमा गरिएको छ । महिलालाई भोगविलासको साधन र उपभोग्य वस्तु ठान्ने, महिलाको यौन र प्रजननप्रति पुरुषीय आधिपत्य कायम गर्न खोज्ने तथा घरको आर्थिकलगायतका क्षेत्रका विषयमा पत्नीसित समन्वय र सहकार्य नगर्ने प्रवृत्तिका कारण एकातिर अविनाशले दुर्घटित जीवन बिताउन बाध्य हुनुपरेको छ भने अर्कोतिर सुस्मिता एक्लैले सन्तानको अभिभावकत्व वहन गर्नुका साथै सङ्घर्षशील जीवन बिताउनुपरेको छ । यी पात्रहरूका विपरीत लैङ्गिक विभेद र विषमताको दुष्परिणतिको मूल्याङ्कन गर्दै आपसी सहकार्य र समन्वयमा जीवनयापन गर्ने कृष्णमाया र कप्तान बुढा, प्रतिभा र उसको पति , स्वेच्छा र उसको पतिजस्ता व्यक्तिहरूको पारिवारिक जीवन सुखद र समुन्नत देखिएको छ ।

पद्मावती सिंहको *समानान्तर आकाश* उपन्यासका पारिवारिक जीवनमा आबद्ध पात्रहरू कप्तान बुढा र कृष्णमाया आपसी सहकार्य र समन्वयमा जीवनयापन गरेदेखि उनीहरूको जीवन सुखद बनेको छ । रक्सी खाएर दिनहुँ पत्नी कृष्णमायालाई मरणासन्न हुने गरी कुट्ने कप्तान बुढा सुस्मिताले कृष्णमायालाई जागिर दिई आत्मनिर्भर र सचेत बनाउँदाको अवस्थाबाट पाठ सिकी महिलालाई सम्मान गर्न सके मात्र पारिवारिक जीवन समुन्नत हुन सक्ने विचारधाराको निर्माण गरी हरेक विषयमा पत्नीसित सहकार्य गर्ने, पत्नी काममा गई ढिलो फर्कँदा उसको खोजी गर्दै हिँड्ने तथा पत्नी कृष्णमायाले पनि कामविशेषले फर्कन ढिलो गर्दा पतिलाई पर्खी बस्ने, घरभित्र र घरबाहिरका काम दुवैजना मिलेर गर्नेजस्ता पतिपत्नीका कार्यले उनीहरूका बिचमा समन्वय र

सहकार्य कायम भएपश्चात् उनीहरूको दाम्पत्यजीवन सुखद बन्न पुगेको छ । यस कुरालाई तलको उपन्यासअंशद्वारा थप पुष्टि गरिएको छ :

> बुढाको स्नेहिल व्यवहारले कृष्णमायाको मनबाट बुढाप्रतिको नकारात्मक सोचाइ विलुप्त भयो । त्यसैले आज उनी बुढाको संसर्गमा मैनजस्ती भई पग्लिइन् र बुढाप्रति मन, वचन र कर्मले पूर्ण रूपमा समर्पित भइन्, जसले दुवैको जीवनमा एउटा नयाँ आयाम थपिएको अनुभूति एकअर्काले हृदयदेखि नै गरे । ....आज कृष्णमायालाई बुढाको अँगालोबाट फुत्किनै मन लागेन । बुढाले पनि आज उनलाई अँगालोमा कसेर उठ्नै दिएनन् । (पृ. ६२)

पति र पत्नीको आपसी समन्वय र सहकार्यले उनीहरूको दाम्पत्यजीवनमा पार्ने सकारात्मक प्रभाव, यौनसुखको चरम प्राप्ति, समतायुक्त एवम् आनन्दायक क्षणको उल्लेख उक्त अभिव्यक्तिले गरेको छ । उक्त अंशमा निहित कार्यव्यापारले महिला र पुरुषको सहकार्यमा मात्र पारिवारिक जीवन सुखद र समुन्नत हुन सक्ने विमर्श प्रवाहित गर्न खोजेको देखिन्छ ।

पद्मावती सिंहको *समानान्तर आकाश* उपन्यासका दाम्पत्य जीवनमा आबद्ध महिला र पुरुष पात्रहरू आपसी सहकार्यात्मक सम्बन्धमा जोड दिइएको अवस्थाको अभिव्यक्ति पनि उक्त कृतिमा गरिएको छ । यस उपन्यासका पात्रहरू अमेरिकामा बस्ने सुस्मिताकी साथी र उसका पतिका बिचमा आपसी सहकार्य र समन्वय भएकाले तथा भारतीय नागरिकसँगको दाम्पत्यजीवनमा आबद्ध रहेकी स्वेच्छा र उसका पतिका बिचमा आपसी मेलमिलाप र सहकार्य रहेका कारण उनीहरूको दाम्पत्यजीवन पनि सुखदायी बनेको छ । यसै गरी सुस्मिता र प्रभातबिचको प्रेम र समर्पण बढ्दै जाँदाको अवस्थामा सुस्मिताले स्मरण गरेका "हामी दुई परिपक्व हुनाले अनैतिक सम्बन्धका पर्खालहरूलाई कहिल्यै नाघ्ने कोसिस गरेका छैनौँ । हामी एकअर्काप्रति आकर्षित छौँ, विश्वस्त छौँ, एकअर्काको सामीप्यमा हामी सुख अनुभव गर्छौँ" (पृ. १३१) भन्ने प्रस्तुत औपन्यासिक अभिव्यक्तिले महिला र पुरुषबिचको आपसी विश्वास, समन्वय र मानवोचित व्यवहारले मात्र महिलापुरुषबिचको लैङ्गिक विभेद हटी समतामूलक समाजको निर्मिति हुन सक्ने कुराको पुस्ट्याइँ गरेको छ । त्यसै गरी सुस्मिताकै "म पुरुष र नारीको सहअस्त्विमा विश्वास गर्छु । कहिलेकाहीँ त मलाई लाग्छ - नारीप्रतिको सङ्कुचित विचारधारालाई सरसर मेटिन पाए पुरुष र नारीबिचको असमानता क्षणभरमै समाप्त हुने छ" (पृ. १०१) भन्ने अभिव्यक्तिले पनि प्रस्तुत उपन्यासका माध्यमबाट पुरुष र महिलाको समन्वय र सहकार्यमा मात्र मानवजीवन सार्थक, समतायुक्त र समुन्नत हुन सक्ने विचार प्रवाहित गर्न खोजेको कुरालाई स्पस्ट्याएको छ । उपर्युक्त तथ्यहरूलाई अवलम्बन गर्दा पतिपत्नीका बिचमा आपसी समन्वय र सहकार्य नहुँदा उनीहरूको दाम्पत्यजीवन दुःखद हुने तथा उनीहरूका बिचमा आपसी समन्वय र सहकार्य हुँदा उनीहरूको दाम्पत्यजीवन सुखद र समुन्नत हुनुका साथै लैङ्गिक समता र समानता कायम भई लोककल्याण हुने र मानवीय श्रेष्ठता कायम हुने निष्कर्ष प्राप्त हुन्छ ।

## निष्कर्ष

पद्मावती सिंहको *समानान्तर आकाश* उपन्यासमा पितृसत्ताको समानान्तरतामा मातृसत्ताको स्थापना, शरीर र स्वचेतनाको विकास तथा पुरुष र महिलाको सहकार्यात्मक सम्बन्धमा जोडसँग सम्बद्ध तथ्यहरूको प्रस्तुतिका माध्यमबाट सचेतताको सञ्चार गरी लैङ्गिक समता र समानतायुक्त समाजको परिकल्पनागत लोककल्याणकारी विमर्श प्रस्तुत गरिएको छ । लैङ्गिक विभेद र उत्पीडनमा परेका महिलाहरू आफूलाई सचेत तुल्याई पुरुषको वर्चस्व स्विकार्नुका साटो उनीहरूकै समानान्तरतामा मातृसत्ता अर्थात् प्रतिप्रभुत्वको अवस्था सिर्जना गर्दा मात्र महिला र पुरुषको बराबरीको स्थिति सिर्जना भई समाजमा लैङ्गिक समानता कायम हुने कुराको उद्घोष यस उपन्यासमा गरिएको छ । यसै गरी 'मेरो शरीर मेरो अधिकार' भन्ने अवधारणाको मर्म बुझी आफ्नो शरीरप्रति आफ्नो पूर्ण नियन्त्रण र अधिकार कायम राख्ने तथा आफ्नो शरीरप्रतिको पुरुषीय नियन्त्रण र प्रभुत्वलाई किनाराकृत गर्ने कुरालाई महिलाहरूले इमानदारीका साथ वरण गर्दा नारीअस्मिता, अस्तित्व र स्वाधीनताको रक्षा भई लैङ्गिक विभेद र उत्पीडन ह्रासोन्मुख अवस्थामा पुगी लैङ्गिक समानतायुक्त समाजको विकास सम्भव हुन्छ । त्यसै गरी मानवजीवनका आवश्यक अङ्गका रूपमा रहेका महिला र पुरुषको समविकास तथा उनीहरूका बिचमा आपसी समन्वय र सहकार्य हुँदा मात्र मानवजीवन सुखी र समुन्नत बन्न सक्ने कुराको उद्घोषसमेत यस उपन्यासमा गरिएको छ । अतः मानवीय श्रेष्ठतालाई कलङ्कित तुल्याउने लैङ्गिक विभेद र उत्पीडनलाई किनाराकृत गरी इमानदारी र जवाफदेहिताका साथ पुरुषले महिलाको र महिलाले पुरुषको अस्तित्व र अस्मितालाई स्विकार्ने, एउटा पक्षले अर्को पक्षलाई हार्दिक प्रेम गर्ने, आपसी समन्वय र सहकार्यमा जीवन बिताउने, उत्पन्न हरेक समस्यालाई विवेकसम्मत तरिकाले आपसी छलफलबाट समाधान खोज्नेजस्ता कुराहरूलाई सर्वोपरि महत्त्व दिँदा समाजबाट लैङ्गिक विषमता हटी सामाजिक समता कायम भई समतामूलक समाजको स्थापना हुने र त्यस कार्यबाट समग्र मानव, मानवजीवनमूल्य र मानवीय श्रेष्ठता कायम भई लोकहित हुने सचेतताको सम्प्रेषण यस उपन्यासमा गरिएको एवम् यस्तो लोककल्याणकारी विमर्शलाई कलात्मक र प्रभावान्वितिपूर्ण ढङ्गले पाठकसमक्ष पुऱ्याउने विशिष्ट कलात्मक र सिर्जनात्मक सामर्थ्य उपन्यासकार पद्मावती सिंहमा रहेको तथा बौद्धिक वर्ग लैङ्गिक समानता र समताका निम्ति प्रतिबद्ध रहनुपर्ने सार प्राप्त हुनु नै यस लेखको निष्कर्षात्मक प्राप्ति हो ।

## सन्दर्भ सामग्रीसूची


अग्रवाल, रोहिणी (सन् २०१४). *साहित्य की जमीन और स्त्री मन के उच्छ्‍वास.* वाणी प्रकाशन ।

उप्रेती, सञ्जीव (२०६९). *सिद्धान्तका कुरा* (चौथो संस्क.). अक्षर क्रियसन्स नेपाल ।

एटम, नेत्र (२०७४). *सङ्क्षिप्त साहित्यिक शब्दकोश.* नेपाल प्रज्ञाप्रतिष्ठान ।

गौतम, कृष्ण (२०६७). *उत्तरआधुनिक संवाद.* भृकुटी एकेडेमिक पब्लिकेसन ।

जैन, निर्मला (सन् २०००). *कथाप्रसंग : यथाप्रसंग.* वाणी प्रकाशन ।

ढकाल, रजनी (२०७०). 'सांस्कृतिक अध्ययनमा लैङ्गिकता', *भृकुटी* (भाग १९, असार), पृ. ३२६-३३३ ।

त्रिपाठी, सुधा (२०६७). *नारीवादको कठघरामा नेपाली साहित्य.* साझा प्रकाशन ।

पाण्डे, ज्ञानू (२०६९). *नेपाली उपन्यासमा लैङ्गिकता.* नेपाल प्रज्ञा प्रतिष्ठान ।

पौड्याल, षडानन्द (२०७७). *नेपाली आख्यानमा शरीर राजनीति.* नेपाल प्रज्ञा प्रतिष्ठान ।

बरई, त्रिभुवन (२०८०). *भवानी भिक्षुका कथामा दृष्टिविन्दु.* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध). त्रिभुवन विश्वविद्यालय ।

भट्टराई, रमेशप्रसाद (२०७६). 'लैङ्गिक समालोचना'. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम ( सम्पा.). *रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड.* रत्न पुस्तक भण्डार, पृ. २५९–२७३ ।

विजयचन्द्र (सन् २००२). *हिन्दी साहित्य आलोचना एवं अनुसन्धान.* चन्द्रलोक प्रकाशन ।

शर्मा, मोहनराज (२०७८). *समालोचनाका नयाँ कोण.* ओरिएन्टल पब्लिकेसन हाउस ।

सिंह, पद्मावती (२०६७). *समानान्तर आकाश* (दोस्रो संस्क.). साझा प्रकाशन ।

Abrams, M. H. & Harpham G. G. (2020). *Aglossory of literary terms.* Twentieth reprinted. Cengage learning India private limited.

Bhasin. K. (2000). *Understanding gender.* Paul press.

Pilcher, J. & Wheleham, I. (2004). *50 Key concepts in gender studies.* SAJE publications.